# उद्धरण स्रोतको परिचय र प्रयोग

पी खरेल

## पृष्ठभूमि

पत्रकारितामा उद्धरण भित्रका शब्दले समाचारको समग्र पक्षमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। प्रत्यक्ष उद्धरण समेत भनेर चिनिने यसले समाचार कथाको मुख्य केन्द्र बनाउन, थप जोड दिन र विशेष ध्यानाकर्षण गराउन मद्दत गर्दछ। तिनीहरूले कुनै पनि विषयलाई व्यक्तिगत तहबाट व्यापकस्तरमा रूपान्तरित गर्न सहयोग गर्दछन्। डेभिड ई. सम्नर र हल्ली जी. मिलर (सन् २००६ : ७३) ले प्रत्यक्ष उद्धरणलाई "उत्तरदाताद्वारा अभिव्यक्त वास्तविक शब्द र उद्धरण चिह्नभित्र राखिने तथा लेखरचनामा समाविष्ट गरिने"[१] भनी व्याख्या गरेका छन्। प्रत्यक्ष उद्धरणका उपयोगी अभिप्राय छन्। लेखनमा समर्पित हुने पत्रकार पाठक र घटनाबीच मध्यस्थको भूमिका हुन्छ। प्रत्यक्ष उद्धरणको प्रयोग गर्दा विषय आफैं बोल्छ। उद्धरणभित्र कुनै पनि विवादास्पद वक्तव्यलाई जस्ताको तस्तै राखेर लेखकहरू आफूलाई वक्ताबाट आइलाग्ने आक्षेपबाट बचाउँछन् (फक्स सन् २००३ : ६३-६४)। टोनी हार्कप (सन् २००५ : ११३) का अनुसार प्रत्यक्ष उद्धरणले जवाफदेही, तात्कालिकता वा उद्‌वेगको वर्णन थप्न र उद्धृत

---

[१] यस लेखमा प्रयुक्त विभिन्न स्रोतहरूलाई उद्धृत गर्ने क्रममा विरामचिह्नको प्रयोगलाई एकरूपताका निम्ति सुहाउने गरी प्रयोग गरिएको छ भने शब्द, वाक्यांश र वाक्यलाई मौलिक रूपमै राखिएको छ।

गरिएका व्यक्तिको आवाज र व्यक्तित्व झल्काउन मद्दत गर्दछ । खास भन्नु पर्दा समाचार स्रोतका शब्दहरूले समाचारमा उठाइएका सूचनालाई आधिकारिक बनाउँछन् । साथै, उद्धरणले परिस्थिति र वातावरणको दृश्य प्रस्तुत गर्न पनि सहयोग गर्दछ ।

नेपाली दैनिक पत्रिका र समाचार म्यागेजिनमा प्रत्यक्ष उद्धरणको प्रयोग बढ्दो छ । साप्ताहिक पत्रपत्रिकामा भने यो प्रचलन त्यति बढेको पाइन्न । साप्ताहिक पत्रपत्रिकासँग तुलना गर्ने हो भने ठूला दैनिक पत्रपत्रिका र समाचार म्यागाजिनले गरिरहेको अभ्यासलाई राम्रो मान्न सकिन्छ । तैपनि पत्रकारहरूमा निहित यससम्बन्धी अज्ञानता वा ज्ञान भएर पनि समाचारकक्षमा काम गर्ने व्यक्तिहरू संवेदनशील नभइदिँदा उद्धरण प्रस्तुत गर्ने क्रममा विभिन्न कमीकमजोरीहरू तथा कतिपय अवस्थामा विसङ्गतिहरू पनि देखिने गरेको छ । यो लेखमा विभिन्न उदाहरणहरूलाई अघि सारेर उद्धरण दिने क्रममा भएका गल्ती र कमीकमजोरी औँल्याउनुका साथै सुधारका उपायहरू प्रस्तुत गरिएको छ ।

यस अध्ययनको क्रममा छओटा राष्ट्रिय दैनिक र ११ ओटा साप्ताहिक पत्रिकाका पहिलो पृष्ठका सामग्री विश्लेषण गरिएको थियो । दैनिकतर्फ *गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी, अन्नपूर्ण पोष्ट* र *नागरिक* तथा साप्ताहिकतर्फ *देशान्तर, छलफल, साँघु, जनभावना, तरुण, दृष्टि, जनआस्था, घटना र विचार, बुधवार, साप्ताहिक विमर्श* र *नेपालीपत्र*। यो अध्ययन भएको समय (अर्थात् २०६६ सालमा) प्रेस काउन्सिल नेपालले यी सबै पत्रिकालाई 'क' श्रेणीमा पारेको छ । यी पत्रपत्रिकाको २०६६ असार महिनाको पछिल्लो दुई हप्ताको अवधिमा निस्किएका अङ्कहरू हेरिएको हो ।

*दृष्टि* साप्ताहिकबाहेक उल्लिखित पत्रपत्रिकाका पहिलो पृष्ठ (र, पहिलो पृष्ठका सामग्रीको बाँकी भाग अर्को पृष्ठमा भए त्यो पनि) अध्ययनका लागि लिइएको थियो । सम्पादकले आफ्ना पत्रिकामा यी पृष्ठलाई विशेष महत्त्व दिन्छन् भन्ने मान्यताका आधारमा अध्ययनका निम्ति ती पृष्ठ छनोट गरियो । पहिलो पृष्ठका समाचार तयारीमा विशेष प्रयत्न पनि गरिएको हुन्छ भन्ने लेखकको मान्यता छ । *दृष्टि* साप्ताहिकका सन्दर्भमा पहिलो पृष्ठमा मुख्य समाचारको शीर्षक र अत्यन्त थोरैमात्र समाचार सामग्री दिइने हुनाले तेस्रो पृष्ठ छनोट गरिएको थियो । अर्को कारण बाहिरी पृष्ठ पछाडि पाठकको आँखा यसै पृष्ठमा पहिले पर्ने हुनाले पनि बाहिरी पृष्ठपछि यो पृष्ठलाई महत्त्व दिने गरिन्छ ।

## समाचारमा उद्धरणको औचित्य र यसका सैद्धान्तिक पक्ष

पत्रकारहरूले विभिन्न तरिकाबाट सूचना प्राप्त गर्दछन् । स्रोतसँग तिनीहरूले टेलिफोनबाट अन्तर्वार्ता लिन्छन्, व्यक्तिगत भेटघाट गर्दछन् र ईमेल वा फ्याक्समार्फत जिज्ञासा र प्रतिक्रिया प्राप्त गर्दछन् । समाचार स्रोतका सूचनाहरू जतिसुकै अभिरुचिपूर्ण भए पनि हरेक कुरा प्रत्यक्ष उद्धरणका लागि उपयोगी नहुन सक्छ । यो विषयमा पत्रकारहरूले हेक्का राख्छन् भन्ने आशा गरिन्छ । छानिएका शब्द, वाक्यांश अथवा वाक्यहरू मात्र उपयुक्त र सुहाउने हुन सक्छन् ।

सन् १८८० को दशकदेखि आधुनिक पत्रकारिताको साधनको रूपमा समाचार कक्षमा टेलिफोनले प्रवेश पाएपछि प्रत्यक्ष उद्धरण हरेक महत्त्वपूर्ण समाचारको लेखनमा अभिन्न अङ्ग बन्दै आएको छ । सम्पादकहरूले हरेकजसो समाचारमा मुख्यरूपमा प्रत्यक्ष उद्धरण नियाल्दछन् । उद्धरणहरू नभेटिएमा कपीडेस्कबाट सोधिने अनिवार्य प्रश्नको संवाददाताले चित्तबुझ्दो जवाफ दिनु जरुरी ठानिन्छ (फक्स सन् २००३ : ६३) ।

समाचार स्रोतको विशेषता नै उद्धरण हो जुन घटनाका प्रत्यक्षदर्शी, कुनै विषयका विज्ञ अथवा कुनै निर्णय वा घटनाबाट प्रत्यक्षरूपमा प्रभावित व्यक्तिबाट प्राप्त हुने गर्दछ । प्रत्यक्ष उद्धरण दस्तावेज, पुस्तक र यस्तै अन्य स्रोतबाट पनि लिने गरिन्छ । सही र उद्घाटित गर्ने किसिमका उत्तर प्राप्त गर्न चित्तबुझ्दो र विविध तरिकाबाट उपयुक्त प्रश्न सोध्नुपर्दछ । उद्धरणको प्रयोग सान्दर्भिक हुनुपर्दछ । अदालती सुनुवाइका विवादास्पद सामग्री र मुख्य बुँदाहरूलाई सामान्यतः प्रत्यक्ष उद्धरणमा दिइन्छ जसले कुनै विषयको विशेषता र प्रकृतिलाई उजागर गर्दछ ।

लिसवेथ लिपारी पत्रकारहरू तथ्यमा इमानदार हुनुपर्दछ भन्ने चाहन्छन् । लिपारी भन्छन् :

> पत्रकारहरूले भाषाको प्रयोगकर्ताको रूपमा अधिकांश वक्ताहरूको भन्दा पृथक ढङ्ग कैद गरेका हुन्छन् । समाचार लेखनको संहिताले विचार अभिव्यक्त गर्न र व्यक्तिगत थेगो प्रयोग गर्नबाट पत्रकारलाई रोक्दछ । बहुसङ्ख्यक वक्ताहरूलाई छाडेर पत्रकारहरूले तथ्यमा अडिग रहने र 'प्रमाणबाट सिर्जित' सामग्री मात्र सम्प्रेषण गर्ने आशा गरिन्छ (सन् १९९६ : ८२१) ।

त्यसकारण उद्धरणहरूले घटनाको तात्पर्यलाई समेट्नु पर्दछ । उद्धरणहरूलाई सान्दर्भिक नबनाइएमा ती द्विविधायुक्त र कहिलेकाहीँ भ्रमित गर्ने हुन सक्छन् । नेपाली समाचारमाध्यमको एक पक्षले उद्धरणलाई सन्दर्भहीन ढङ्गबाट प्रायः

प्रयोग गरेको वा समाचारको एक पक्षलाई मात्र सेवा पुऱ्याउने ढङ्गबाट उद्धृत गरेको पाइन्छ । नेपाली सञ्चारमाध्यममा विदेशी लगानीका सम्बन्धमा केही वर्ष अघि रुचिकर सार्वजनिक बहस भएको थियो । केही पत्रपत्रिकाले आफ्नो स्वार्थ पूर्ति गर्ने किसिमका अनुकूल उद्धरणहरू प्रकाशन गरेका थिए भने अन्यले भिन्दै किसिमका प्रकाशित गरे । निर्मला शर्मा प्रतिस्पर्धी प्रकाशनले एकै विषयमा उही व्यक्तिको फरकफरक उद्धरण छापेको बताउँछिन् (शर्मा सन् २००४) । यसले उद्धृत गरिएका व्यक्तिका दुई भिन्न अडान रहेको झल्को दिन्छ ।

पत्रकारहरू असावधान हुँदा वा स्रोतले दिने उद्धरणलाई 'जीवन्त' र 'अभिरुचिपूर्ण' बनाउने सिलसिलामा वक्तव्यलाई बढी 'ओजयुक्त' वा 'टल्काउने' गर्दा अन्य मुलुकमा समेत यस्तै परिस्थिति प्रायः देखा परिरहन्छ । हार्कप टिप्पणी गर्दछन् :

> पत्रकारको तालिमसम्बन्धी राष्ट्रिय परिषद्[२] ले उद्धरणमा वक्ताका शब्द जस्ताको त्यस्तै हुने आशा गर्दछ र डेभिड रेन्डलले 'शब्द, उच्चारण, उनीहरूको वास्तविक शब्दको सही सम्प्रेषण' गरिएको छैन भने उद्धरण चिह्नको महत्त्वमा प्रश्न उठ्ने बताएका छन् । तर पत्रकारहरूले उद्धरणलाई प्रायः 'सिलसिलाबद्ध' राख्दछन् । उनीहरूले यसो गर्न नसक्दा अन्तर्वार्ता लिइएका व्यक्तिहरू उही भए पनि सनसनी मच्चाउने पत्रकारले छोटो र तीखा वाक्यका उद्धरण प्रयोग गर्दछन् भने ठूला (ब्रोडशीट) पत्रपत्रिकामा पत्रकारसँग स्रोतले बढी जटिल वाक्य संरचनामा अभिव्यक्त गर्दछन् (सन् २००५ : १०३) ।

अति आवश्यक मानिएको उद्धरणको प्रयोग पत्रकारहरूबीच व्यापक ढङ्गबाट स्वीकार गरिएको हुन्छ । तथापि, धेरै मुलुकहरूमा सञ्चार क्षेत्रभित्र र बाहिर उपयोग गरिएका तरिका र विधि बहसको विषय बनेको छ । नेपालमा भने यस विषयमा कुनै महत्त्वपूर्ण छलफल हुन सकेको छैन । अन्तर्वार्ता, अनौपचारिक कुराकानी वा पत्रकार सम्मेलनबाट शब्द, वाक्यांश वा पूर्ण वाक्य प्रत्यक्ष उद्धरणको रूपमा लिने गरिन्छ । तिनीहरूले समाचार सामग्रीमा जीवन्तता प्रदान गर्दछन् । उद्धरणबेगर समाचारले सामान्यतः पूर्णता प्राप्त गर्न सक्दैन । राम्रोसँग स्थापित व्यावसायिक सञ्चारमाध्यमले समाचारमा उद्धरणहरू पर्याप्त मात्रामा प्रयोग हुनुपर्नेमा जोड दिन्छन् । यद्यपि, शैलीकै निम्ति मात्र उद्धरणको प्रयोग गरिनुहुन्न । समाचारले बाहिर ल्याउन चाहेको विषयवस्तुमा विशेष अर्थ दिन यो

---

[२] बेलायती पत्रकारका निम्ति यो प्रमुख तालिम इन्स्टिच्यूट हो ।

सक्षम हुनुपर्दछ । उपयुक्त उद्धरण छनोटका लागि संवाददातासँग आवश्यक दक्षता हुनुपर्दछ । सान्दर्भिकता हेरेर उद्धरण छनोट गर्ने र राख्ने गरिनुपर्दछ र यसले समग्र समाचारमा सामर्थ्य थप गर्नुपर्दछ । प्रत्यक्ष उद्धरणमा प्रश्न सोध्दा व्यक्तिले दिएको जवाफका सबै शब्दहरू हुबहु हुनुपर्दछ । तैपनि, मौखिक अन्तर्वार्तामा संवाददाताले विराम चिह्न राख्न सक्नेछन् (खरेल सन् २००६ : ८०) ।

पत्रकारितामा धेरै दशक बिताएका र दैनिक, सन्ध्याकालीन र साप्ताहिक पत्रपत्रिकामा कार्यकारी पद सम्हालेका रिचार्ड टेलर[३] ले पत्रकारितामा यथार्थलाई सैद्धान्तिक रूप दिइने गरेको बताउँछन् । उनले राम्रो उद्धरणमा "मुख्य विषयवस्तु हुने, नाटकीय ढङ्गबाट वक्ताको धारणालाई सङ्क्षेपीकृत गर्ने र अप्रत्यक्ष उद्धरणमा राखिएमा न्यून प्रभावकारी हुने" (फ्लेमिङ र अरू सन् २००६ : ५२ मा उद्धृत) बताएका छन् ।

## स्रोतको पहिचान

संवाददाता र सम्पादकले सबै उद्धरणमा स्रोत रहेको सुनिश्चित गर्नुपर्दछ । स्रोतको पहिचान गर्नु अर्को चुनौतीपूर्ण कार्य हो । विवादास्पद विषयहरू संलग्न रहेका धेरै अवस्थामा संवाददाताले आफ्ना स्रोतहरूले बोल्न इच्छुक नहुने वा आफ्नो पहिचान सार्वजनिक नगर्ने सर्तमा मात्र उद्धृत गर्ने प्रवृत्तिको सामना गर्दछन् । नेपालमा पत्रकारहरू यस्ता स्रोतका निम्ति नचाहिँदो प्रयास गरिरहेका छन् । कुनै खास व्यक्तिको प्रशंसामा लिइएका उद्धरणका स्रोतहरू समेत पहिचान गरिएका हुँदैनन् । समाजका विभिन्न पक्षबीच यो स्पष्टरूपमा गम्भीर र व्यापक ध्रुवीकरणको प्रतिबिम्ब हो । कुनै खास नेताको प्रशंसा गर्न इच्छा गर्ने स्रोतले समेत अर्को पक्षको ध्यानाकर्षण हुने र त्यो आक्रोशित हुने भयका कारण आफ्नो नाम खुलाउन साहस गरेको पाइन्न । नेपालमा साप्ताहिक पत्रपत्रिकाको तुलनामा ठूला दैनिक पत्रिकाहरूले बढी नै प्रत्यक्ष उद्धरण छाप्छन् । अध्ययनका क्रममा साप्ताहिकमा धेरै कममात्र प्रत्यक्ष उद्धरण भेटिएका थिए । तिनले व्याख्यात्मक र अप्रत्यक्ष उद्धरण राख्न रुचाएका थिए । अधिकांशले प्रत्यक्ष उद्धरण विल्कुलै समावेश गरेका थिएनन् । उनीहरूका सहयात्री दैनिकको तुलनामा साप्ताहिक पत्रपत्रिकाले उद्धरण राख्नेसम्बन्धी स्वीकार्य नियम समेत पालना गरेका थिएनन् । साप्ताहिक अखबारमा दैनिक पत्रपत्रिकाको तुलनामा बढी

---

[३] उनी बेलायतस्थित नेसनल काउन्सिल फर द ट्रेनिङ अफ जर्नलिस्ट्स (एनसीटिजे) का परीक्षा सञ्चालक हुन् ।

मात्रामा अज्ञात स्रोत उल्लेख गरिएका छन् । केही साप्ताहिकले पढ्दा प्रत्यक्ष उद्धरणजस्तो प्रयोग गरेका छन् तर उद्धरण चिह्नको प्रयोग भने गरेका छैनन् । दैनिक पत्रपत्रिकामा पनि काठमाडौँ बाहिरबाट सम्प्रेषण गरिएका भित्री पृष्ठमा छापिएका केही समाचार सामग्री सर्सर्ती नियाल्दा त्यहाँ प्रत्यक्ष उद्धरण धेरै कम पाइए ।

स्रोतबाट उपलब्ध सूचनाको विशेष महत्त्व रहेको र स्रोतले आफ्नो नाम सार्वजनिक गर्न इच्छा राख्दैनन् भने विकल्पमा केवल 'स्रोत' समावेश गर्नुपर्दछ । तर नेपाली पत्रकारिताको सन्दर्भमा यसलाई अत्यधिक प्रयोग गरिएको छ, जसबाट यस्ता उद्धरणको मूल्य र प्रभावलाई व्यापकरूपमा क्षय गरेको छ । सामान्य विवादमा समेत सम्भावित स्रोतले पहिचान हुनबाट टाढिने प्रवृत्ति छ । सामान्य विवाद वा सन्दर्भमा समेत संवाददाताले स्रोतको नाम सार्वजनिक नगर्नु आफ्नो पेशा तथा पाठकप्रतिको धोका हो । स्रोतसँग पूर्णरूपमा आत्मसमर्पण गर्ने यो प्रवृत्तिले व्यक्तिगत दृष्टिकोण र व्यावसायिक सुझबुझलाई तिलाञ्जली दिएर असावधान वा हल्का ढङ्गले टिप्पणी गर्ने स्रोतलाई प्रोत्साहन मात्र गरेको छ ।

पत्रकारहरूले स्रोतको नाम दिनुको सट्टा प्रत्यक्ष उद्धरणका निम्ति 'स्रोत' शब्दको प्रयोग नियमित रूपमा गरिरहेका छन् । त्यस्ता स्रोतमाथि सर्वसाधारणको संशयले सञ्चारमाध्यमको विश्वसनीयतामा समेत सङ्कट उत्पन्न गराउन सक्छ । संवाददाता र सम्पादकहरूले पहिचान हुन नसकेका स्रोतको उद्धरणको जिम्मेवारीबाट कानूनी रूपमा उन्मुक्ति पाउन सक्दैनन् । उनीहरूले स्रोतको नाम दिनुपर्दछ वा अदालतको मानहानिको सामना गर्नुपर्दछ । मानहानिको मुद्दाले संवाददाता/ सम्पादकलाई अदालतमा उभ्याउन सक्दछ । नेपालमा प्रत्यक्ष उद्धरणका सामग्रीलाई लिएर अदालतमा कुनै मुद्दा भने परेको छैन ।

बेलायती राजनीतिक शब्दकोशमा सन् १९८० को दशकमा 'स्पिन डक्टर' भन्ने शब्दावलीको प्रवेशसँगै यसले अन्य मुलुकमा समेत व्यापकता पायो । स्पिन डक्टरलाई 'डक्टरको कार्य गर्ने' एजेन्टका रूपमा हेरिन्छ । उनीहरू जसका लागि काम गर्छन्, उसको फाइदाका लागि सञ्चारमाध्यम व्यवस्थापन गर्दछन् र खास गरी यस्तो कुरा राजनीतिमा हुन्छ । त्यसैले आफ्नो ग्राहक वा संस्थाका स्वार्थ अनुकूल सञ्चार सामग्री र टिप्पणीको चाहना राख्ने भनेर प्रतिकूल वा नकारात्मक दृष्टिकोणबाट समेत उनीहरूलाई हेरिन्छ । अथवा सार्वजनिक प्रतिक्रियाका लागि उनीहरू सूचनालाई समेत बङ्ग्याउने गर्दछन् भन्ने गरिन्छ । खास गरी सञ्चार साक्षरता उच्च भएको समाजमा सामान्यतः यसको प्रभाव कमजोर देखिन्छ भने सञ्चार साक्षरता न्यून भएको समाजमा र नेपालमा जस्तो पक्षीय राजनीतिक

प्रेसको दह्रो उपस्थिति रहेको अवस्थामा यसको प्रभाव दह्रो हुने गर्दछ। यसले सञ्चारमाध्यमको विश्वसनीयतामा लगातार प्रश्न उठाउँछ। नेपालमा खास गरी पार्टी प्रवक्ता र मुखपत्रहरूले स्पिन डक्टरको भूमिका निभाइरहेका छन्। अनुसन्धान र पत्रकारिताका सामग्री उत्पादनका क्रममा निश्चित दृष्टिकोणलाई बेवास्ता र अनादर गर्नका लागि व्यवस्थापक वा रोजगारदाताबाट प्रसारित र स्वीकार गरिएको राजनीतिक मान्यतालाई पत्रकारको सोचाइको प्रक्रियामा संलग्न गराउनु स्पिन डक्टरको काम हो। समाचार लेखन वा उत्पादन प्रक्रियामा स्रोत उद्धरण गर्ने सम्बन्धमा संवाददाताहरू यस्ता 'स्पिन डक्टर' देखि सजग हुनु पर्दछ।

## केही प्रयोगहरू

संवाददाताहरूले आफ्ना समाचारमा पुस्तक, शीर्षक, पद र त्यस्तै विषयका नामका निम्ति दोहोरो उद्धरण राख्नुपर्दछ। पुस्तकमा उद्धृत सामग्रीलाई फरक स्थान दिइन्छ, भित्रतिर सारिन्छ वा गाढा अक्षरमा राखिन्छ। स्रोतबाट उद्धृत गरिएका छोटा सामग्रीलाई सोझै निकालेर पढाइलाई सरल र आँखालाई बेगवान बनाउन यस्तो कुरामा ध्यान दिइएको हो। प्रत्यक्ष उद्धरणलाई सामग्रीको बाँकी भागबाट भिन्न रूपमा प्रस्तुत गर्दा, जस्तै उद्धृत गरिएको अंशलाई भित्र सार्दा वा सानो अक्षर प्रयोग गर्दा, प्रारम्भमा र अन्त्यमा उद्धरण चिह्न आवश्यक पर्दैन तर बारम्बार त्यस्तो गल्ती दोहोरिरहेको हुन्छ। दुई वाक्य हुनुपर्ने ठाउँमा एकै वाक्य प्रयोग गरिएको पनि पाइन्छ।

उदाहरण (गर्न हुने) :

*'एउटामात्र पार्टीले मुलुक बनाउन सकिँदैन भन्ने बुझेर सबैको प्रतिनिधित्व हुने खालको सहमतीय प्रणालीको अवधारणा ल्याएका हौं,' माओवादी सभासद गिरिराजमणि पोखरेलले कान्तिपुरसँग भने। जनप्रतिनिधिसभालाई शक्तिशाली बनाउन पनि यस्तो प्रस्ताव ल्याएको सभासद पोखरेलको दाबी छ* (घले र खनाल २०६६)।

उदाहरण (गर्न नहुने) :

*"प्रचण्डलाई कसैले घोक्र्याएर वा राजीनामा मागेर कुर्चीबाट निकालेको होइन, आफैं कुर्ची छाड्नु भएको हो," प्रधानमन्त्री नेपालले भन्नुभयो- "यो सरकार व्यवस्थापिका-संसदका बहुमत सदस्यको समर्थनबाट बनेको हो, नागरिक सर्वोच्चताको उदाहरण यही सरकार हो"* (गोरखापत्र २०६६क)।

माथि प्रस्तुत दोस्रो उदाहरणमा 'प्रधानमन्त्री नेपालले भन्नुभयो' भन्ने वाक्यांशपछि पूर्णविराम राख्नु उपयुक्त हुन्छ। त्यसपछिको उद्धरणमा स्रोत उल्लेख गर्नु जरुरी छैन।

पत्रपत्रिकामा साधारणतया दुईओटा उद्धरण चिह्न राख्ने चलन छ तर नेपालमा मिश्रित प्रयोग भइरहेको छ। दोहोरो उद्धरण चिह्नभित्र अर्को उद्धरण प्रयोग गर्दा एक उद्धरण चिह्न राख्नुपर्दछ। अथवा एउटा उद्धरण चिह्नभित्र अर्को उद्धरण प्रयोग गर्दा दोहोरो उद्धरण चिह्न राख्नु पर्दछ।

उदाहरण (गर्न नहुने) :

*बैठकमा किरणले अध्यक्ष प्रचण्डको प्रस्तावका विपक्षमा लिखित भिन्न प्रस्ताव नल्याएकाले अब ल्याउने सम्भावना कम छ। एक नेताले अन्नपूर्णसँग भने, 'धेरै विषयमा सहमति हुन्छ, एकाध विषयमा 'नोट अफ डिसेन्ट' लेखेर महाधिवेशनसम्म दुई लाइन सङ्घर्ष चलाएर जाने हुन सक्छ'* (सापकोटा २०६६)।

प्रस्तुत उदाहरणमा नोट अफ डिसेन्टलाई एक्लो उद्धरण चिह्नभित्र राखिएकोमा दोहोरो उद्धरण चिह्न राख्नु पर्दछ।

एक अनुच्छेदभन्दा बढी रहेको तर नछुट्टिएको उद्धरणको अवस्थामा प्रत्येक उद्धृत अनुच्छेद उद्धरण चिह्नसँगै हुन्छन् तर उद्धृत अनुच्छेदको श्रेणीको अन्तिम उद्धृत अनुच्छेद मात्र उद्धरण चिह्नबाट अन्त्य हुन्छ।

उदाहरण - क (गर्न नहुने) :

*सभापति कोइरालाले जातीय आधारमा सङ्घीयतामा जान नहुने कुरा पुनः दोहोऱ्याउँदै भन्नुभयो, "जातीय आधारमा सङ्घीय राज्यहरू निर्माण गरियो भने भोलि मुलुक टुक्रिने खतरा हुन्छ।"*
*"मुलुकमा गरीब र धनीबीचको बढ्दो दूरीका कारण जातीय कुरा बढी उठेको हो"* (गोरखापत्र २०६६ख)।

उदाहरण - ख (गर्न नहुने) :

*बिहीबार भारतीय संसदलाई सम्बोधन गर्दै उनले भने, 'नेपालको शान्ति प्रक्रियामा भइरहेको ढिलाइ र त्यसका लागि चाहिने राजनीतिक सहमति बन्न नसक्नुमा हाम्रो चासो रहन्छ।'*

*'हाम्रा छिमेकमा भइरहेको महत्त्वपूर्ण विकासक्रम शीर्षकमा विदेशमन्त्री कृष्णाले नेपाल, श्रीलंका र पाकिस्तानका राजनीतिक घटनाक्रम समेटेका छन् । २२ बुँदे सम्बोधनका नौ बुँदा नेपालसँग ...'* (कान्तिपुर २०६६) ।

पूर्ण वाक्य उद्धृत गरिएकोमा अर्द्धविराम चिह्न उद्धरण चिह्नको भित्र हुन्छन् । उद्धरण एक वाक्यांश वा आंशिक वाक्य मात्र रहेमा उद्धरण चिह्न अर्धविरामको बाहिर रहन्छ ।

उदाहरण (गर्न नहुने) :

*'हामी राजधानीको यस्तो भागमा छौँ, जहाँ कोही गरीब र अशिक्षित छैनन्,' कुँवर भन्छन्, 'उनीहरू आफ्ना छोराछोरीलाई राम्रा अङ्ग्रेजी विद्यालयमै पढाउँछन् । हाम्रो विद्यालयमा पढ्ने त सबै गरीब छन् ।'*

*गाँसबासको खोजीमा विभिन्न जिल्लाबाट काठमाडौँ आई डेरा बस्ने मानिसका छोराछोरी र धनीमानीका घरमा काम गर्न बसेका बालबालिकाको बाहुल्य रहेको दरबार हाइस्कूलमा हरेक दिन धेरै विद्यार्थी गयल हुने गरेको कुँवर बताउँछन् ।*

*'उनीहरू घरमा पढ्दैनन्, स्कूलकै भर पर्छन्', कुँवर भन्छन्, 'अभिभावकले पढाइमा खासै चासो नदेखाएकोले त्यसको असर हाम्रो एसएलसी नतिजामा परेको छ'* (राई २०६६) ।

माथिको *नागरिक* दैनिकको समाचारको पहिलो अनुच्छेदमा कुँवरको भनाइ प्रस्तुत गर्दा बन्द उद्धरण चिह्न बाहिर राखिएको छ (छैनन्,') यो त ठीक छ तर यही समाचारको तेस्रो अनुच्छेदमा कुँवरको भनाइलाई उद्धृत गर्दा उद्धरण चिह्नलाई भित्र सारिएको छ (पर्छन्',) । यहाँ एकरूपता पनि छैन ।

पत्रकारहरूले एउटै अनुच्छेदमा एकभन्दा बढी स्रोतका उद्धरण प्रयोग गर्नु हुँदैन । एउटा मात्र उद्धरण राखिनु पर्दछ वा दोस्रो उद्धरण समेत महत्त्वपूर्ण रहेको अवस्थामा यसलाई अलग्गै अनुच्छेदमा राख्नुपर्दछ । पढाइलाई यसले सहज बनाउँछ र भ्रमलाई हटाउँछ । उद्धृत गरिएका शब्दहरू पाठकले सहज रूपमा बुझ्न सकिने गरी स्पष्ट हुनुपर्दछ । एउटै अनुच्छेदमा एकभन्दा बढी स्रोतको प्रयोगले भिडभाड देखिन्छ र यसले भ्रमको सम्भावना निम्त्याउँछ ।

वक्तव्यको सामग्री पाठकका निम्ति धेरै रुचिकर भएको अवस्थामा समेत कहिलेकाहीँ उद्धृत गर्न चाहेका नियमित र विश्वसनीय स्रोतले आफूलाई असहज

महसुस गरेको अनुभव पत्रकारले सामना गर्नसक्छन् । उद्धरणलाई पूर्णतः त्यागनु गैरव्यावसायिक हुन्छ र छापामा यस्तो कार्यले स्रोतलाई निराश पार्दछ । परिणामस्वरूप भविष्यमा ऊ संवाददातासँग बोल्नबाट टाढिन सक्दछ । यो जति कठिन देखिए पनि राम्रा समाचार उत्पादन गर्ने व्यावसायिक पत्रकारिताको सिद्धान्त मुताबिक समाचार स्रोतलाई राम्रै दूरीमा राख्न संवाददातालाई सल्लाह दिइन्छ । यथार्थमा स्रोतलाई बेखुशीमा पार्ने कुनै खास उद्धरण समाचारका निम्ति त्यति महत्त्वको नरहेमा संवाददाताले यसलाई उद्धृत नगर्न सक्दछन् ।

राष्ट्रिय दैनिक समेतका केही नेपाली पत्रपत्रिकाले पूर्णविराम नराखिकनै अर्को वाक्य प्रयोग गरेको पाइन्छ । उनीहरू अर्धविराम राख्दछन् र अर्को पूर्ण वाक्यसँग निरन्तरता दिन्छन् ।

उदाहरण :

*'नेपाल शान्ति प्रक्रियामा रहेका कारण छिमेकी मुलुकहरूले चासो लिनु सामान्य हो,' उनले भने, 'त्यसलाई स्वाभाविक ढङ्गले लिनुपर्छ'* (राजधानी २०६६) ।

यथार्थमा प्रत्यक्ष उद्धरणको उच्च महत्त्व रहने भएकै कारण संवाददाताले टिपोट लेख्दा पर्याप्त ध्यान दिनुपर्दछ । सबै संवाददातालाई 'सर्टह्यान्ड' आउँदैन । विभिन्न किसिमका सर्टह्यान्ड लेखन तरिका विकसित भए पनि अधिकांश नेपाली पत्रकारमा विशेष दक्षता छैन । टेप रेकर्डर सजिलो साधन हुनसक्छ । उद्धरणको छनोट अर्को महत्त्वपूर्ण सीप हो र सूचनालाई कुनै खास उद्धरणको रूपमा अनुच्छेदमा राख्नसकेमा असल संवाददाताको क्षमतालाई प्रतिबिम्बित गर्दछ । यसको अर्थ संवाददाताले छिटोछिटो सङ्क्षिप्त टिपोट गर्दा समेत ध्यानपूर्वक सुन्नुपर्दछ । प्रत्यक्ष उद्धरणले विषयलाई प्रकट गर्नु र आधिकारिक स्रोतको धारणालाई प्रस्ट गर्नु यसको सिद्धान्त हो । उद्धरण चिह्नभित्रका शब्दका अर्थ साह्रै सामान्य छन् भने यो ठाउँको बर्बादी मात्र हो । तिनीहरूले स्पष्ट अर्थ बहन नगरेमा विनासङ्कोच भिन्न शब्दावलीको प्रयोग गर्नु वा छाड्नु पर्दछ । स्वतः स्पष्ट कुरा वा तथ्याङ्कलाई उद्धरणको आवश्यकता पर्दैन ।

उदाहरण :

*'प्रभु' शब्द पूर्वराजालाई सम्बोधन गरिने र सेवालाई 'चाकडी' भनिने दरबारी परम्परा रहेको स्रोतले बताएको छ* (आचार्य २०६६) ।

प्रत्यक्ष उद्धरणको प्रयोग गर्दा कालको विषय समेत महत्त्वपूर्ण हुन्छ। संवाददाताले विषयलाई वर्तमान वा भूतकाल कुन छनोट गर्ने हो निर्णय गर्नुपर्दछ। लेखकले आफ्नो लेखनको सम्पूर्ण अवस्थामा एकरूपता कायम गर्नुपर्दछ (सम्नर र मिलर सन् २००६ : ७१)।

## विकल्प

स्रोतले भनेको कुरा प्रत्यक्ष उद्धरणका निम्ति योग्य छैन तर अभिरुचिको सूचना बहन गरेको छ भने यसलाई अप्रत्यक्ष उद्धरणको रूपमा प्रयोग गर्न सकिन्छ। वाल्टर फक्स भन्छन् :

> अप्रत्यक्ष उद्धरणमा व्यक्त वक्ताको वाक्य रचनालाई सङ्केन्द्रित गरेर भए पनि जतिसक्दो निकट ल्याउन लेखकलाई अनुमति प्राप्त छ र उनीहरूले नमिल्दा वाक्य संरचनाको काँटछाँट गर्न सक्छन्। अप्रत्यक्ष उद्धरणमा समेत लेखकले वक्ताको प्रतिक्रियालाई उसैको कालमा राख्नसक्छ ... प्रत्यक्ष उद्धरणको प्रयोग गर्दा लेखकले तिनीहरू जतिसक्दो बढी सही भएको सुनिश्चित गर्नुपर्दछ। यसको अर्थ वक्तालाई सम्बोधित गरिएका शब्दहरू वक्ताले प्रयोग गरेकै शब्द हुनुपर्दछ र यसमा सङ्केतार्थ शब्द, आर्टिकल र यदाकदा सामान्य शब्दको अपवाद भने हुनसक्छ (सन् २००३ : ६७)।

> उदाहरण (गर्न नहुने – सामूहिक भनाइ) :
>
> *यता परराष्ट्रमन्त्री सुजाता कोइरालालाई आफ्नै मन्त्रालयका सहसचिवदेखि काँग्रेसी र मधेसी जनअधिकार फोरमसम्मका सम्भावित राजदूतका आकाङ्क्षीहरू 'सोर्सफोर्स' को क्युमा भेटिने गर्छन्। 'मन्त्रीज्यू भेटघाटका लागि मन्डिखाटार निवासमै गएको रुचाउनुहुन्छ,' परराष्ट्रमन्त्रीका पार्टीगत र कार्यालय सहायकहरू एकसाथ भनिरहेका हुन्छन्* (भट्टराई २०६६)।

माथिको उदाहरणमा एउटा उद्धरण दिएर धेरै जना कार्यालय सहायकलाई उद्धृत गरिएको छ। सबै कार्यालय सहायकहरूले एकैसाथ एकैस्वरमा यसरी टिप्पणी गरे होलान् त !

उद्धरणको प्रयोग गर्दा अर्द्धविराम चिह्नको महत्त्वपूर्ण भूमिका हुन्छ। फक्स (सन् २००३ : ६८) यस विषयमा विशेष जोड दिन्छन् :

*वक्ताले वाक्यमा मुख्य शब्दहरू उपेक्षा गरेमा वा पाठकलाई बुझ्न कठिन हुने गरी सर्वनामको प्रयोग गरेमा, भनाइलाई प्रत्यक्ष उद्धरणमा लेख्न चाहने लेखकले छुटेका सूचनालाई कोष्ठमा राख्नुपर्दछ । यी विराम चिह्नले प्रत्यक्ष उद्धरणको प्रभावलाई न्यून गर्ने कारणले लेखकहरूले त्यसलाई त्यति धेरै प्रयोग गर्न हुँदैन । व्यापक पुनःसंरचना गर्नुपर्ने टिप्पणीलाई उद्धृत गर्नुको सट्टा व्याख्या गर्नुपर्दछ ।*

पछिल्ला प्रवृत्तिले अधिकांश छापा सञ्चारमाध्यमले प्रत्यक्ष उद्धरणको अन्त्यमा परिचयको फुर्को समावेश गर्ने देखाएको छ । प्रत्यक्ष उद्धरणलाई समावेश गर्दा वाक्यको सुरुमै पनि केही पत्रपत्रिकाले प्रयोग गरेका छन् । पछिल्लो अभ्यास 'गलत' नहुन सक्छ तर एउटै पत्रिकामा परिचयको फुर्को कहिलेकाहीँ वाक्यको अगाडि र कहिले पछाडि राख्ने मिश्रित अभ्यासका कारण यसमा एकरूपता छैन । पहिलो वाक्यमा प्रत्यक्ष उद्धरण राखिएमा, प्रत्यक्ष उद्धरण बहन गर्ने अर्को वाक्यलाई विशेषरूपमा प्रयोग गर्न सकिन्छ तर यसलाई उही अनुच्छेदमा उद्धरण चिह्नभित्र राख्नुपर्दछ । अनुच्छेदको पहिलो वाक्यमा स्रोतलाई इङ्गित गरिएको स्थितिमा त्यसले दोस्रो वाक्यको स्रोतलाई समेत बुझाउँछ ।

उदाहरण :

*"We have agreed to go for the presidential system," said party spokesman Dinanath Sharma. "However, we have reached 'consensus in principle' to form a separate council with some powers"* (The Kathmandu Post 2009).

माथिको उदाहरणमा उद्धरणमा राखिएको दोस्रो वाक्यको स्रोत खोलिएको छैन तर यो प्रयोग ठीक छ किनकि पहिलो वाक्यमा नै स्रोत खोलिएको छ ।

प्रसारण लेखनका प्रतिष्ठित व्यक्ति मर्भिन ब्लकले निम्न मार्गदर्शनको प्रयोग गर्दछन् : "वक्तव्यभन्दा अघि परिचय आउँछ । रेडियो र टेलिभिजन लेखनमा सूचनाका स्रोतलाई सबभन्दा अगाडि राख्नु जरुरी छ । पत्रपत्रिकाका लेखकले समेत परिचयलाई प्रारम्भमा राखेर अग्रभाग (लिड) लेख्छन् । यद्यपि कार्यलाई पहिले र त्यसपछि स्रोत राख्नु स्तरीय पद्धति हो" (मेन्चर १९९७ : ९३ मा उद्धृत) ।

संवाददातालाई आफ्ना स्रोतले कहिलेकाहीँ जेसुकै भन्नसक्ने भए पनि प्रत्यक्ष उद्धरणको रूपमा पूरै वाक्यको प्रयोग न्यायोचित ठहऱ्याउन सकिन्न । त्यसकारण तिनीहरूले आंशिक उद्धरण (मुख्य शब्द वा वाक्यांश) मात्र प्रयोग गर्दछन् ।

प्रत्यक्ष उद्धरणबाहेक यस्ता आंशिक उद्धरण वाक्यको प्रारम्भमै परिचित गराइनु पर्दछ। व्याख्या गरिएको स्थितिमा समेत वाक्यको प्रारम्भमा परिचयको फुर्को राख्न सकिन्छ।

उदाहरण :

*प्रचण्ड सरकारका पालामा सात पार्टीलाई मिलाउन प्रचण्डको पसिना आएको उल्लेख गर्दै अहिले २२ पार्टीलाई मिलाउन केही अप्ठ्यारो भए पनि यो अहिलेको बाध्यता रहेको प्रधानमन्त्रीले बताउनुभयो (गोरखापत्र २०६६क)।*

यस समाचारमा स्रोतको उद्धरण प्रयोग नगरिएकोले स्रोत वाक्यको सुरुमै उल्लेख गर्नुपर्दछ।

वाल्टर फक्स (सन् २००३ : ७३) सत्यता वा सरलताको मूल्यमा 'भन्नुभयो' क्रियाको विकल्पको खोजी गर्ने बानी नबसाल्न सल्लाह दिन्छन्। "औंल्याउनुभयो, चेतावनी दिनुभयो, तर्क गर्नुभयो" वा "अनुमान गर्नुभयो" भन्नेजस्ता क्रियाहरू भन्नुभयोको राम्रा विकल्प हुनसक्छन् किनभने त्यसले वाक्यमा अर्थ थप्छन् तर तिनीहरूले सही ढङ्गबाट प्रतिक्रियाको सन्दर्भलाई प्रतिबिम्बित गर्नैपर्दछ। यसमा 'भन्नुभयो' बाहेक अन्य शब्दहरूको प्रयोग गर्दा विशेष सावधानी भने अपनाउनु पर्दछ किनकि अन्यथा पत्रकारले आफ्नै अन्दाजमा टिप्पणी गरेको आभास हुनसक्छ।

विलियम स्टिमसनका अनुसार, "केही मानिसहरू प्रत्यक्ष उद्धरणका सम्बन्धमा *एसोसिएटेड प्रेस शैलीपुस्तक*मा विश्वास गर्दछन्। एसोसिएटेड प्रेस (एपी) ले उद्धरणको विषय तथ्यपूर्ण हुने अडान राख्दछ। तोकिएको शब्द व्यक्तिले अभिव्यक्त गरेको होस् वा नहोस्। गलत शब्द प्राप्त गर्नु अनुपयुक्त हो। जानाजान त्यसलाई परिवर्तन गर्नु झुक्याउनु हो। उद्धृत गर्दा एपीको नियम स्पष्ट छ : सामान्य व्याकरणीय गल्ती वा शब्दको प्रयोगलाई सच्याउँदा समेत उद्धृत सामग्रीलाई कहिल्यै परिवर्तन गर्नुहुँदैन" (स्टिमसन सन् १९९५ : ६९)। लेखनसम्बन्धी पुस्तकका केही लेखकले विचारलाई स्पष्ट गर्नका निम्ति स्रोतले अभिव्यक्त गरेका शब्दको प्रतिस्थापनको अभ्यासलाई आत्मसात गरेका छन्। स्रोत त्यति नबोल्ने र लामा असङ्गत वाक्य बोल्ने भएमा लेखकले त्यसबाट अर्थ खोज्नु पर्दछ र स्रोतले 'यथार्थ' मा भन्न प्रयास गरिरहेको कुरामा आधारित भएर समाचार तयार गर्नुपर्दछ भन्ने ती लेखकहरूको धारणा छ। समाचारमाध्यमले यस्ता पद्धतिलाई आँखा चिम्लनु हुँदैन।

उद्धरण चिह्नभित्रका उद्धरणहरू कल्पनाशील संवाददाताले स्रोतको विचारलाई स्रोत आफैंभन्दा बढी जानेको जस्तो पाठकलाई देखाउनु हुँदैन । समाचार कथामा निर्णयकर्ता, निर्णयबाट प्रभावितहरू, घटनाका साक्षी वा त्यस विषयका विज्ञहरूबाट नाटकीय घटनाको पटाक्षेप गर्ने, भावनात्मक उत्तेजना ल्याउने र आधिकारिक आवाज प्रस्तुत गर्नसक्ने उच्च सामर्थ्ययुक्त शब्दका प्रत्यक्ष उद्धरणहरू हुन्छन् ।

प्रत्यक्ष उद्धरणलाई बढी ओज दिनका निम्ति सबैभन्दा बलियो बुँदा समाचारसँग औपन्यासिक लेखनको तुलना गर्नु पनि हो । उपन्यासमा लेखकले आफ्ना कल्पनालाई सुहाउने ढङ्गबाट जतिसक्दो तन्काउने स्वतन्त्रता प्राप्त गर्दछ । यस्तो कुरा समाचार लेख्दा हुँदैन किनभने पाठकहरूले कल्पनाको उडान नभएका यथार्थ विवरण चाहन्छन् । अर्को शब्दमा विशुद्ध उपन्यासमा जे कुरा पूर्णतः स्वीकारयोग्य हुन्छ त्यो खास गरी समाचार र गैर उपन्यासमा व्यावसायिक रूपमै अस्वीकार्य हुन्छ । प्रत्यक्ष उद्धरणको शुद्धता नै स्रोतले अभिव्यक्त गरेका शब्दहरूलाई उल्लङ्घन नगर्नु हो ।

स्रोतको उद्धरण जतिसुकै अभिरुचिपूर्ण र नाटकीय भए पनि अन्तर्वार्ता लिइएका स्व-सम्मानित व्यक्ति संवाददाताको कठपुतली हुन चाहँदैनन् भन्ने पत्रकारहरूले स्मरण गर्नुपर्दछ । केही स्रोतले व्यक्त गरेका कुरालाई पत्रकारले फुर्क्याएर लेखेको सम्बन्धमा मतलब नराखेको भए पनि खास शब्दहरू संवाददाताको कलमबाट प्रवाहित भएको थाहा पाए भने पाठकले ठगिएको अनुभव गर्न सक्दछन् । पाठक यथार्थकै भोका हुन्छन् र प्रत्यक्ष उद्धरणहरू स्रोतबाट सोझै प्रतिध्वनित हुने आशा गर्दछन् ।

स्टिमसन उद्धरणलाई मिलाउने कार्यप्रति असहमत छन् । उनी भन्छन् "कुनै पनि कुराको प्रमाणको रूपमा उद्धरणलाई प्रयोग गरिएको स्थितिमा उद्धरणलाई परिवर्तन गर्न लेखकलाई छुट दिनु तथ्याङ्कलाई परिवर्तन गर्न अनुमति दिनुजत्तिकै डरलाग्दो हो" (स्टिमसन सन् १९९५ : ७२) । संवाददाता कुनै पनि विषयमा युक्तिसङ्गत रूपमा आफूले मात्र लेख्न र समाचार सम्प्रेषण गर्नसक्ने क्षमता रहेको आडम्बरबाट ग्रस्त हुनु हुँदैन ।

## व्याख्या

कुनै स्रोतले उपयुक्त वाक्यमा स्पष्ट ढङ्गले भनाइ राख्न सक्दैनन् भने संवाददाताले व्याख्या गर्नेतर्फ ध्यान दिनुपर्दछ अथवा प्रत्यक्ष उद्धरणमा शब्दहरू राख्नुभन्दा आंशिक उद्धरणको प्रयोग गर्नुपर्दछ । उद्धरण 'मिलाउने' संवाददाताले आफ्ना उद्धरणप्रति कसैले पनि गुनासो नगरेको दाबी गर्दछन् । स्रोतले सामान्यतः आफ्ना

वक्तव्यलाई मिलाएको कारणबाट अप्ठ्यारो पार्ने वा असत्य स्थितिमा नपुऱ्याउँदासम्म खुलारूपमा आपत्ति जनाउँदैनन् । उद्धरणलाई बारम्बार वा नियमित चिरफार गरिएमा र सम्बन्धित संवाददाताले इमानदारीपूर्वक र सही रूपमा स्रोतलाई उद्धृत गरिएकोमा समेत कसैले 'धाँधली' भएको भनी चिच्याउँछ भने पनि पाठक पत्रकारका स्रोतमाथि भर पर्दछन् ।

तात्पर्यको सट्टा शैलीतर्फ बढी ध्यान दिने संवाददाताले जथाभावी उद्धरण प्रयोग गरेको पाइन्छ र त्यसले तोकिएको समाचारलाई सामर्थ्यवान बनाएको पाइँदैन । यस्ता उद्धरणका सामग्री नाटकीय हुँदैनन् । यसैकारण त्यसलाई व्याख्या गरिनुपर्दछ वा अप्रत्यक्ष उद्धरणको रूपमा प्रयोग गरिनुपर्दछ । प्रत्यक्ष उद्धरणको थुप्रो नेपाली दैनिक अखबारमा व्यापक ढङ्गमा भेट्टाउन सकिन्छ । यस्तो अभ्यासलाई प्रमाणित गर्न एउटा पाक्षिक अवधिको सामग्री विश्लेषण गर्ने हो भने प्रत्यक्ष उद्धरणलाई महत्त्वहीन बनाएको देख्न सकिन्छ । उपयुक्त स्रोतबाट उद्धरणहरू खोज्नु र प्राप्त गर्नुको सट्टा समाचारको आकारलाई पूरा गर्न उद्धरण प्रयोग गर्नुपर्ने भएका कारण अल्छी संवाददाताले जो कोहीलाई उद्धृत गर्दछन् ।

व्याख्या गर्दा स्रोतसँग लिइएका अन्तर्वार्ता सामग्री असान्दर्भिक वा अभिरुचिपूर्ण नहुने भागलाई हटाएर पाठकलाई अर्थ प्राप्त गर्न संवाददाताले सक्षम बनाउँछ । पढाइलाई सहज, यथार्थ, स्पष्ट र अभिरुचिपूर्ण बनाउन अनावश्यक कुराहरू झिकेर खँदिलो ढङ्गबाट लेखिएका समाचार उत्पादन गर्न यसले सहयोग गर्दछ । संवाददातालाई यसले सूचनालाई ठीक ढङ्गबाट व्यवस्थित गर्न स्वतन्त्रता प्रदान गर्दछ र समाचारको प्रवाहलाई सहयोग गर्दछ ।

सम्नर र मिलर निम्न कुरा सिफारिस गर्दछन् :

प्रत्यक्ष उद्धरण निम्न टिप्पणीमा प्रयोग गर्नुहोस् जसले :

१. खँदिलो, उद्घाटित गर्ने विषय सार्वजनिक गर्दछ ।
२. रङ्गीन वा मनोरञ्जनात्मक तरिकामा शब्दको पुञ्ज बनाउँछ ।
३. पाठकसँग भावनात्मक सम्बन्ध स्थापित गर्दछ ।
४. महत्त्वपूर्ण बुँदामा जोड दिन्छ वा पात्रको विज्ञतालाई प्रस्तुत गर्दछ ।
५. पात्रको व्यक्तित्व, आचरण वा मान्यतालाई विशेष ढङ्गबाट सार्वजनिक गर्दछ ।

यस्ता टिप्पणीलाई व्याख्या गर्नुपर्दछ, जसले :

१. जीवनवृत्तान्त वा तथ्यपूर्ण सूचना दिएको हुन्छ ।
२. तथ्याङ्कको वर्तमान सङ्ख्या प्रस्तुत गरेको हुन्छ ।

३. लामा वा अनावश्यक छन् भने तपाईंले कम शब्दको प्रयोग गरेर पुनःलेखन गर्न सक्नुहुन्छ ।
४. सर्वसाधारणको जानकारीमा पहिल्यै आइसकेको भए जानकारी दिनुहोस् (जसलाई तपाईंले बिल्कुलै प्रयोग नगर्न सक्नुहुन्छ) ।
५. निरस तर अत्यावश्यक जानकारी समाचारमा दिएको हुन्छ (सन् २००६ : ७०) ।

सूचना सङ्कलनको सिलसिलामा संवाददाताले प्रशस्त टिपोट गर्दछन् । तर समाचार लेख्न प्रारम्भ गर्दा उनीहरूले आफूले चाहेको भन्दा कममात्रै राम्रा उद्धरण प्राप्त गर्छन् । त्यसकारण उनीहरूले वक्तव्यको अधिकांश भागलाई व्याख्या गर्दछन् र उपयुक्त स्थान र अनुक्रम मिलाएर प्रयोग गर्दछन् । व्याख्याले विषयलाई प्रस्ट गर्न सहयोग गर्दछ । सिकारु लेखकको भन्दा संवाददाताले अखबारको दुनियाँमा समाचारलाई कम शब्दमा स्पष्ट, जानकारीयुक्त र अभिरुचिपूर्ण ढङ्गबाट लेख्ने क्षमता राख्ने आशा गरिन्छ ।

## अज्ञात परिचय

स्रोतको नाम नदिइएको अवस्थामा प्रत्यक्ष उद्धरणलाई तिखो, खरो र नाटकीय बनाउनका निम्ति चिरफार गर्न सकिने सम्भावना बढी हुन्छ । नील र ब्राउनले समाचारमा समाविष्ट हरेक व्यक्तिको स्पष्ट र पर्याप्त रूपमा पहिचान खुल्नुपर्ने बताएका छन् । उनीहरू भन्छन्, “यसको अर्थ नाम र थर, समाचारमा भूमिका, पेशाको पद तथा उमेर र ठेगाना न्यूनतम् ढङ्गमा समावेश हुनुपर्दछ भन्ने हो । रोजगारीका आवेदनमा आवश्यक पर्नेजस्तै व्यक्तिगत जानकारी संवाददाताले सङ्कलन गर्दछन्” (नील र ब्राउन सन् २००४ : ४१) ।

घटनाबाट प्रभावित वा नीति निर्माण तहकै नभए पनि स्रोतले कुनै विषयमा राम्रो जानकारी राखेको तथा व्यक्तिगत रूपमा हासिल खास अनुभवको आधारमा जवाफदेहीपूर्ण धारणा प्रस्तुत गर्नसक्ने अपेक्षा गरिन्छ । प्रत्यक्ष उद्धरणले बहन गर्ने अर्थको महत्त्व र विश्वसनीयता जाँच गर्नका लागि स्रोतको नाम र अनुहार पाठकले चाहेका हुन्छन् ।

जोन होहेनवर्ग भन्छन् :

> अज्ञात स्रोत अमेरिकी पत्रकारितामा अत्यधिक कठिनाइयुक्त र भ्रमपूर्ण अभ्यास हो तर यो अत्यन्त महत्त्वपूर्ण पनि छ किनभने कसैले पनि जिम्मेवारी नलिएको स्थितिमा समाचारमा प्रमुख कुरा भएको छ । संवाददाता र समाचारपत्रले प्रकाशनको जोखिम लिनैपर्दछ किनभने समाचारका पृष्ठभूमिका जानकारीमा ‘जानकार स्रोत’, ‘आधिकारिक

> स्रोत', 'कूटनीतिक स्रोत', 'अधिकारीहरू' अथवा बिल्कुलै कुनै स्रोत नहुन सक्छन् तर यसमा संवाददाताको नाम र पत्रिकाको नाम समावेश हुन्छ (सन् १९५९ : २२८)।

तर भरसक स्रोतको पहिचान स्पष्ट हुनुपर्दछ। नेपाली अखबारहरूमा सामान्य कुरा उल्लेख गर्दा पनि 'लाज' मान्ने स्रोत भेटिन्छन्।

उदाहरण (क)

> *स्रोतका अनुसार सांसदले लिएको रकम फछ्र्यौट नगरे बेरुजुमा निस्कन्छ। स्वकीय सचिवको रकम नबुझाउनेमा तत्कालीन व्यवस्थापिका संसदका ४४ सांसद छन्* (लुइँटेल २०६६)।

उदाहरण (ख)

> *प्रधानमन्त्रीका सबै सल्लाहकार आ-आफ्ना जिम्मेवारीका लागि पोख्त होलान् तर उनीहरूमध्ये कोही पनि स्वतन्त्र विज्ञ होइनन्। 'यसअघिका प्रधानमन्त्रीले पार्टी निकटलाई सल्लाहकार नियुक्त गरेका थिए तर सबै पार्टीका पूर्णकालीन कार्यकर्ता थिएनन्,' एक राजनीतिक विश्लेषकले भने, 'कमसेकम पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले परराष्ट्र मन्त्रालयका बहालवाला सहसचिव हिराबहादुर थापालाई परराष्ट्र सल्लाहकार नियुक्त गरेका थिए'* (परियार २०६६)।

त्यस्ता पानीमरुवा स्रोतलाई महत्त्व दिनहुँदैन। पाठकले स्रोतका सान्दर्भिक र सही उद्धरण सोझै सुन्नसक्ने सम्भावना हुँदैन र यसलाई उनीहरूले संवाददाताकै माध्यमबाट प्राप्त गर्नुपर्दछ। अज्ञात उद्धरणमा त्यति धेरै दबाब हुँदैन तर वास्तविक नाम र अनुहार दिएको अवस्थामा पाठकले आफ्ना आँखालाई बढी केन्द्रित गरेका हुन्छन्।

संवाददाताले सामना गर्नुपर्ने समस्या नै तिनीहरूलाई प्रत्यक्ष रूपमा स्रोत उद्धृत गर्नुको सट्टा पृष्ठभूमिका सामग्रीको प्रयोगमा अनुमति दिइनु हो। समाचार तयार गर्न ती सामग्री पर्याप्तरूपमा ठीक नभएमा र स्रोतलाई खास गरी उद्धृत गर्ने अवस्था नहुने परिस्थिति हुँदा यसलाई छाड्नु पर्दछ। धेरै मुलुकमा योजना तयारीका सम्बन्धमा सर्वसाधारणको धारणा बुझ्न संस्थामा आवद्ध स्रोतले सूचना चुहाएका हुन्छन्। यसको अवधारणा सर्वसाधारणको अवस्था र प्रतिक्रियाको परीक्षण गर्नु हो। परिणाममुखी बहस भएमा वा बहस नै नभएमा पनि योजनाबद्ध

ढङ्गमा स्रोतहरू अघि बढ्न सक्छन् । सार्वजनिक प्रतिक्रिया नकारात्मक भएमा योजनालाई पुनरावलोकन, संशोधन र पुनः प्याकेजिङ गरिन्छ । योजनाले काम गर्न सक्दैन भन्ने उनीहरूले अनुभव गरेमा त्यसलाई उनीहरूले पूर्ण सार्वजनिक नगरी रद्द गर्न सक्दछन् । यस्तो अवस्थामा पत्रकार प्रयोग मात्र हुन्छ ।

विश्वव्यापी रूपको तोकिएको स्वीकृत नियम भने छैन । सङ्केतको रूपमा नील र ब्राउनले निम्न मार्गदर्शन प्रस्तुत गरेका छन् :

१. *सम्पूर्ण प्रत्यक्ष उद्धरण* - उपन्यास लेखकलाई छाडेर पत्रकारले 'टुहुरा उद्धरण' लाई त्याग्दछ । उसले हरेक प्रत्यक्ष उद्धरणलाई स्पष्टरूपमा जनाउँछ र यसलाई पहिलो वास्तविक विरामकै अवसरमा प्रयोग गर्दछ जसबाट पाठकले कसले बोलिरहेको छ भनेर शङ्का गर्नुपर्दैन ।
२. *विचारका सम्पूर्ण वक्तव्यहरू* - यो प्रत्यक्ष रूपमा उद्धृत गरिएको वा व्याख्या गरिएको स्थितिमा लागू हुन्छ ।
३. *कुनै पनि सम्भावित गालीगलौज गर्ने वक्तव्यहरू जसले मानहानि कानूनअन्तर्गत पत्रपत्रिकाले सार्वजनिक चासोलाई प्रकाशन गर्न अनुमति दिन्छ* - यसले मुख्यतः अदालतमा प्रमाण प्रस्तुत गर्न वा काँग्रेस (सदन) का सदस्य वा सांसदबाट संसदमा जारी वक्तव्यमा लागू हुन्छ ।
४. *कुनै पनि समाचारमूलक विषय जसलाई अधिकारीले वा अन्तर्वार्ता दिनेले अभिव्यक्त गर्दछ* - वक्ताले केवल तथ्यको रूपमा स्वीकार गर्न सकिने वा अन्य स्रोतबाट सहजै प्रमाणीकरण गर्न सकिने किसिमका पृष्ठभूमिका जानकारी बताएको अवस्थामा यस नियममा भने अपवाद हुनसक्छ ।
५. *अर्को प्रकाशनबाट प्राप्त कुनै पनि सामग्री* - प्रकाशनको समाचार प्रतिलिपि अधिकारअन्तर्गत नभएको अवस्थामा समेत व्यावसायिक शिष्टाचार राख्नुपर्दछ (सन् २००४ : ५१) ।

## कानून र यथार्थ

संवाददाताले स्रोतको परिचय खुलाएको भरमै मानहानिको मुद्दाबाट आफूलाई अलग्याउने गरी विशेष सुरक्षाकवचको सुविधा पाउन सक्दैन । कसैले पनि मौखिक गालीगलौज गरेमा स्रोत र सामग्री उद्धृत गर्ने कुनै सञ्चारमाध्यम जिम्मेवारीबाट पन्छिन सक्दछ तर पीडित पक्ष अदालतको ढोकामा पुगेमा ऊ मानहानिको मुद्दाबाट पन्छिन सक्दैन । प्रकाशक/सम्पादकलाई जिम्मेवार ठहऱ्याइनेछ ।

"पत्रकारितामा म जहाँबाट आए पनि जादुगरी शब्द 'परिचय' हो । म स्रोतलाई सुरक्षित गर्न अडिग रहन्छु र यो सिद्धान्त पनि हो । तर यस्ता निर्णयहरू

म लापरवाही ढङ्गबाट गर्दिनँ," ग्रान्ड जुरीको अघिल्तिर गोप्य स्रोतका सम्बन्धमा परीक्षण गर्न अस्वीकार गरेकै कारण तीन हप्ताको कारागारमा बसेका पिटर ब्रीज भन्छन्। तर यति भए पनि उनी अज्ञात स्रोतका सम्बन्धमा कसिलो सीमितता हुनुपर्नेमा सहमति जनाउँछन्, "वास्तविक मानिस वा दस्तावेजका तथ्यलाई आधार बनाउँदा विश्वसनीयता बलियो हुन्छ। अर्कोतर्फ, 'अपरिचित स्रोत' को प्रयोगले विश्वसनीयतालाई खत्तम गर्दछ" (केर र अरू सन् १९९१ : ७२ मा उद्धृत)।

यथार्थमा अज्ञात स्रोत सहयोगी हुन्छन् र विशेष विषयहरूमा यसलाई स्वीकार्नु पर्दछ। संवाददाताहरूले 'अधिकारिक स्रोत', 'सम्बन्धित वृत्त' र यस्तै अन्य स्रोतमा निर्भर हुने बानी बसाउन हुँदैन। अदालतले स्रोत प्रस्तुत गर्न आदेश गरेमा तथ्यपूर्ण नभएका उद्धरण वा अज्ञात स्रोत प्रयोग गर्ने पत्रकारहरू ठूलो सङ्कटमा पर्न सक्छन्।

तर, स्रोतलाई सुरक्षा दिने नाममा सामान्य कुरामा पनि स्रोत नाम उल्लेख गराउन चाहँदैन भने, त्यस्तालाई त्याग्नु पर्दछ। निम्न उल्लिखित उदाहरणमा एउटै अवस्थाको विषयमा एउटै पेशाका सम्बन्धित कर्मचारीमध्ये एक नाम उल्लेख गर्न चाहँदैन, अर्को चाहन्छ।

उदाहरण :

*मन्त्रीको निर्देशन मान्न शाखा अधिकृत र उपसचिवलाई व्यवहारिक नहुने भन्दै पुनर्विचार गर्न माग राखेका छन्। 'सहसचिव र माथिका हाकिमसँग सरकारी गाडी हुन्छ, जे लगाएर आए पनि भयो,' नाम उल्लेख नगर्ने सर्तमा एक उपसचिवले भने, 'माइक्रोबसमा कोचिएर आउनुपर्ने हामी कसरी दौरासुरुवाल र कोटटोपी ढल्काएर आउने ?' पञ्चायत उत्तरार्द्धमा अधिकृतको जागिर थालेर २०६४ मा खुला प्रतिस्पर्धाबाट सहसचिव भएका अन्नपूर्णानिन्द दासले अहिलेसम्म दौरासुरुवाल लगाएका छैनन्। 'केही दिन हेरेर निर्णय लिन्छु,' दास भन्छन्, 'कहिलेकाहीँ दौरासुरुवाल लगाएर आउँदा भने राम्रै हुन्छ भन्ने मलाई पनि लागिसकेको छ'* (भण्डारी २०६६)।

स्रोतलाई सुरक्षा दिने प्रयासमा संवाददाताले कहिलेकाहीँ कठिन परिस्थितिको सामना गर्नुपर्दछ। तिनीहरूले समाचारमा प्रयुक्त स्रोतका बारेमा जानकारी नदिएको अवस्थामा कारागारमा थुनिनु समेत पर्दछ। अदालतले सामान्यतः संवाददातालाई आफ्ना स्रोत खुलाउन दबाब नदिए पनि विकसित मुलुकमा समाचार स्रोत सार्वजनिक गर्न अदालतले माग गरेको पाइन्छ र त्यस्तो गर्न

नसक्ने पत्रकारलाई कारागार पठाइन्छ । पत्रकारलाई आफ्ना समाचारमा प्रयुक्त स्रोतलाई सार्वजनिक नगर्ने गरी कानूनले विशेष अधिकार प्रदान गरेको छैन । कुनै खास विषयमा सार्वजनिक गर्न अदालतले महत्त्वपूर्ण ठानेको अवस्थामा संवाददाताका नाममा प्रमाणसहित स्रोत परीक्षणका लागि उपस्थित हुन अदालतले आदेश दिनसक्छ । नेपालमा अदालतसमक्ष उपस्थित भएको यस्तो कुनै विषय जानकारीमा छैन ।

स्रोतलाई उनीहरूको विश्वास हासिल गरी संरक्षण गरिनु जरुरी छ । तर यसको अर्थ तिनीहरूलाई अप्रत्यक्षरूपमा उल्लेख गर्दा खटनपटन गर्न भने दिनुहुँदैन । समाचारको विश्वसनीयतालाई बढोत्तरी गर्ने गरी नाम पहिचान गरिएका स्रोतको प्रत्यक्ष उद्धरण भएमा त्यसले समाचारको प्रभावलाई बढाउन सक्दछ । नील र ब्राउन (सन् २००४ : २४६) टिप्पणी गर्दछन्, “समाचारमा स्रोत उल्लेख गर्ने कुरा सामान्य शिष्टाचार हो यद्यपि यो पाठकका निम्ति जरुरी नहुन पनि सक्दछ । स्रोतले समाचार बनाउन सहयोग गरेको हुन्छ ... सामान्यत: तपाईंले अश्लीलतालाई उद्धृत गर्न सक्नुहुन्न ।”

व्याख्याको समेत उद्देश्य हुन्छ । यसबाट स्रोतले उपलब्ध गराएको सूचनालाई व्यवस्थित ढङ्गबाट राख्न मद्दत गर्दछ तर स्रोतले दिने अभिव्यक्तिको पूर्ण अर्थ यथावत राख्नैपर्दछ ।

## सन्देशमा अर्थ

प्रत्यक्ष उद्धरणलाई मिलाउनुको अर्थ उद्धरण चिह्नभित्रैका सामग्रीलाई व्याख्या गरिएको भन्ने हो । यसलाई स्वीकार्न सकिन्न । अभ्यासका क्रममा विशेष ध्यान दिइन्छ भन्नेतर्फ सुनिश्चित हुँदै व्याख्या गर्दा उच्च श्रेणीको योग्यता समेत जरुरी पर्दछ जसबाट स्रोतले भन्न खोजेका कुराहरू उम्कन नपाउन् । तर उद्धरण चिह्नभित्र शब्द राख्दा तिनीहरूको शुद्धतालाई कायम राख्नुपर्दछ ।

मानिसले आफ्ना दिमागमा तस्बिर कोर्ने क्रममा भिन्नभिन्न पृष्ठभूमि, अनुभव र ज्ञान प्राप्त गरेको हुन्छ । सुधारिएका प्रत्यक्ष उद्धरणले मानिसलाई झुक्याउन सक्दछ किनभने उनीहरूले ज्ञानको संरचनाको रूपमा आफ्नै रूपरेखाको समूह बनाएका हुन्छन् । दिमागको रूपरेखा मानिसले तथ्ययुक्त जानकारीलाई सङ्गठित गर्नु भन्ने हो । उदाहरणका लागि, जनावरका सम्बन्धमा हामी सबैसँग रूपरेखा हुन्छ, के कुरा स्वीकार गर्ने र के छाड्ने भनेर हामीसँग नियम समावेश हुन्छ । कुकुरका विषयमा एककिसिमको रूपरेखा दिमागमा हुन्छ, बिरालोका सम्बन्धमा अलग्गै हुन्छ र त्यसै गरी हरेक जनावरका सम्बन्धमा । यी प्रत्येकका

छुट्टै नियमहरू हुन्छन् जसले के समावेश गर्ने र एकसँग अर्को कसरी फरक हुन्छन् भन्ने दर्शाउँछ (पोटर सन् १९९८ : ५१) ।

सञ्चारमाध्यमले मानिसका भिन्नभिन्न समूहबाट अर्थलाई प्रक्रियागत ढङ्गमा सार्वजनिक गर्नेक्रममा पत्रकारहरूले अन्य स्रोतलाई श्रेय दिन्छन् । मनोमानी ढङ्गबाट शब्दको परिवर्तन गर्ने कोसिस गर्दा थप होसियार हुन जरुरी छ । मानिसका दिमागमा आफ्नै किसिमका तस्बिर हुन्छन् र समाचारमा प्रयुक्त प्रत्यक्ष उद्धरणको आधारमा निष्कर्षहरू निकाल्ने स्वतन्त्रता हुन्छ ।

बेकर भन्छन् :

> हाम्रो दिमागमा आउने सांसारिक लिपि वा तस्बिर, हाम्रो यथार्थता, हाम्रा खास अनुभव, ज्ञान, आवश्यकता, मान्यता र विश्वासले स्वरूप निर्माण गरेका हुन्छन् । यसलाई हाम्रो वातावरणबाट प्राप्त नयाँ सूचनाको अंशका आधारमा निरन्तर परीक्षण गरिन्छन् । कहिलेकाहीँ यी नयाँ अंशले प्रयोग भइरहेको लिपिमा धक्का दिन्छ । यससँगै त्यसले लिपिलाई बढी स्पष्ट गराउँछ, यसमा नयाँ तत्त्व थप्दछ अथवा यसको पुनर्संरचना गर्दछ । यस प्रकार निरन्तर रूपमा हाम्रो सञ्चार प्रक्रियाबाट हामीले प्राप्त गरिरहेका सूचनाका अंशले हाम्रो दिमागमा ती लिपि वा तस्बिरलाई व्यवस्थित गर्न, सबलीकृत गर्न वा संशोधन गर्न प्रेरित गर्दछ (सन् १९८७ : ५९) ।

यी तस्बिरहरू बेठीक भए पनि सत्यझैँ गरेर मानिसले व्यवहार गरेको र यसै कारण वाल्टर लिप्म्यानले यस विषयलाई धेरै पहिले अघि बढाएका थिए । मानिसले सत्यलाई बुझेर प्रतिक्रिया जनाउँदैनन्, बरु उनीहरू सत्य सम्झेर व्यक्तिगत रूपमा प्रतिक्रिया जनाउँछन् ।

सङ्केतले जानकारीलाई प्रशोधन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ किनभने त्यसले दह्रो भावनालाई प्रतिनिधित्व गर्दछ र कार्यलाई प्रेरणा दिन्छ । उदाहरणका लागि, शब्दले सफलताका भिन्नभिन्न तहका यथार्थलाई चित्रण गर्दै विचार, भावना वा वस्तुको सङ्केतका रूपमा प्रतिनिधित्व गर्दछ । सङ्केतहरू स्वेच्छिक हुन्छन् र प्राय: यिनीहरूले अमूर्तता प्रदर्शन गर्दछन् । यस्तो अवस्थामा सङ्केतले आत्मसात गर्ने सङ्क्षेपीकृत अर्थलाई अध्ययन गर्नु जटिल कार्य हो । त्यसकारण सन्देशमा अर्थहरू अक्षरश: हुँदैनन् र तिनीहरू मानिसमा अन्तर्निहित हुन्छन् । सन्देशले सङ्केत उपलब्ध गराए पनि स्रोत र प्रापकको रूपमा सञ्चार प्रक्रियामा सहभागी यिनीहरूले सूचनाका अंश वा विभिन्न स्रोतबाट प्राप्त उत्तेजनाबाट व्यक्तिगत रूपमा अर्थहरू निर्माण गर्दछन् (खरेल सन् २००७ : ४९) ।

## विश्वसनीयताको साँचो

विषयको जटिलतालाई विचार गरी समाचारमा प्रत्यक्ष उद्धरण प्रयोग गर्ने क्रममा सन्तुलन स्थापित गर्नुपर्दछ। उद्धरण चिह्नभित्रका उद्धृत सामग्रीलाई सबल पार्नु अखबारका पत्रकारको तथ्य र विश्वसनीयतालाई जोखिममा पार्नु हो।

पाठकले आधिकारिक स्रोतहरूको माग र चाहना राख्दछन्। स्रोतबाट आउने विचार र व्याख्या विश्वसनीय नभएमा पाठकहरू चिन्तित हुन्छन्। उनीहरू स्रोत उल्लेख होस् भन्ने चाहना राख्दछन्। त्यसकारण, संवाददाताले स्रोतको नाम राख्न विशेष प्रयत्न गर्दछन्। आधिकारिक स्रोत नै विश्वसनीय हुन्छन् यद्यपि संवाददाताले स्रोतबाट हुनसक्ने विशेष उद्देश्य पूरा गर्न सञ्चारमाध्यमलाई प्रभावमा पारेको छैन भन्नेमा सुनिश्चित हुनुपर्दछ। यस्तो अवस्थामा संवाददाताले पत्यारलाग्दो समाचार दिन चाहन्छ भने स्रोत आधिकारिक र विषयवस्तु बुझेको हुनैपर्दछ।

पत्रकारितामा शुद्धता र यथार्थ जरुरी हुन्छन्। प्रत्यक्ष उद्धरणलाई जाँच गरिनुपर्दछ र केही शङ्का रहेको स्थितिमा त्यसलाई पुनः जाँच गरिनुपर्दछ। कठिनाइमा स्रोत पर्ने हो कि भनेर बचाउनका निम्ति प्रत्यक्ष उद्धरणलाई परिवर्तन गर्नेतर्फ पत्रकार लाग्नु हुँदैन। त्यसको बदलामा उनीहरूले स्रोतले बताएको कुरालाई व्याख्या गर्न सक्दछन्। उद्धरणलाई समेत यथार्थको कसीमा जाँच गर्नुपर्दछ।

प्रतिस्पर्धी समाचार माध्यमभन्दा आफू नयाँ समाचार पहिले प्रकाशित गर्ने होडमा र अन्य कुनै पनि परिस्थितिमा समेत विश्वसनीयता सङ्कटमा पर्नु हुँदैन। सञ्चार क्षेत्रमा वेग महत्त्वपूर्ण हुने भए पनि यथार्थ र सन्तुलनजस्ता आधारभूत सिद्धान्तलाई नष्ट हुन दिनुहुँदैन। डेभ कन्सासले ठीकै लेखेका छन्, "वेगको भोको हुँदा यथार्थ र सन्दर्भलाई नोक्सान हुन दिनु हुँदैन। तपाईं गल्तीमा हुनुहुन्छ भने पहिलो हुनुको केही अर्थ हुँदैन"(जाइल्स सन् १९९९ : ६९ मा उद्धृत)

तथापि, समाचार सम्प्रेषणका क्रममा अन्यले जेसुकै भने पनि यथार्थले विश्वसनीयतालाई सुनिश्चित नगर्न सक्दछ। कुनै संवाददाताले आफूले प्रयोग गरेका उद्धरण सही छ भन्नसक्छ तर उसलाई उद्धरणका सामग्रीको विश्वास धेरै टाढाको हुनसक्छ। यस्तो अवस्थामा संवाददाताले के गर्दछ ? संवाददाताको जिम्मेवारी ठाडै असत्य बोलेका स्रोतलाई सही ढङ्गबाट उद्धृत गर्दैमा समाप्त हुन्छ ? सत्यसम्म पुग्नु नै कर्तव्य हो। संवाददाताले भनाइमा सत्यता नभएको आफूलाई लागेमा सत्यलाई खोतल्ने प्रयास जारी राख्नुपर्दछ। लुइस डे (सन्

१९७७ : ७७) जोडदार रूपमा भन्छन्, "वास्तवमा अनुसन्धान गर्न असफल हुँदा पाठकले केही सत्यताको पहुँचबाट विमुख हुनुपर्ने हुन्छ।"

स्रोतले आफ्नो भनाइलाई गलत ढङ्गबाट उद्धृत गरिएको भन्दै गुनासो गरेमा परिस्थिति अझ नराम्रो हुनसक्छ। स्रोतले अभिव्यक्त गरेको कुरालाई गलत ढङ्गबाट उद्धृत गरिएको पाठकले अनुभव गरेमा पत्रिकाको विश्वसनीयता सङ्कटमा पर्दछ। धेरैजसो विकसित मुलुकहरूमा यो नैतिक विषय बन्दछ र कहिलेकाहीँ कानूनको दायरामा आउँछ।

## अन्तमा

पत्रकारिता क्षेत्रमा प्रत्यक्ष वा परोक्षरूपमा स्रोतलाई उद्धृत गर्नु अति आवश्यक मानिन्छ। पत्रकारिताका आधारभूत मूल्यमान्यतालाई स्थापित गराउने काममा यही स्रोतको प्रयोगले प्रमुख भूमिका खेलेको हुन्छ। स्रोतलाई व्यवस्थित गर्न र सहीरूपमा समाचारमा स्थान दिन सकेमा मात्र प्रत्येक पाठक, श्रोता र दर्शकले सही सूचना प्राप्त गर्न सक्छन्। सूचना सामग्रीका स्रोतमै खोट देखिएमा र सही ढङ्गबाट प्रयोग हुन नसक्दा अकल्पनीय समस्या उत्पन्न हुनेमात्र नभई समग्र पत्रकारिता जगतकै विश्वसनीयतामा प्रश्न उब्जिन्छ। स्रोतबाट आउने धारणालाई उद्धृत गर्दा सकेसम्म न्याय गर्नु प्रत्येक सञ्चारकर्मीको मूल दायित्व र धर्म हो। स्रोतका भनाइलाई उद्धृत गर्नाले समाचारको मुख्य केन्द्र बनाउन, थप जोड दिन, विशेष ध्यानाकर्षण गराउन तथा विषयलाई व्यक्तिगत तहबाट व्यापकस्तरमा रूपान्तरित गर्न सहयोग गर्दछ। स्रोतबाट प्राप्त गर्न छानिएका शब्द, वाक्यांश अथवा वाक्यहरूलाई सही र प्रभावकारी ढङ्गबाट प्रयोग गर्न सकेमा मात्र पत्रकारिता क्षेत्रले विश्वसनीयता आर्जन गर्न सक्छ।

अहिले उद्धरणको प्रयोग गर्ने र नगर्ने दुई ध्रुवमा नेपाली पत्रकारिता बाँडिएको छ। भन्नैपर्छ, उद्धरणको प्रयोग नगर्ने पत्रकारिताको बोलवाला नेपाली सञ्चारक्षेत्रमा व्याप्त छ। तर पछिल्लो समयमा मूलधारका पत्रपत्रिकामा स्रोत र उसका उद्धरणलाई महत्त्व दिने चलन बढेको छ। हो, यस्ता उद्धरणलाई सही ढङ्गबाट प्रयोग गर्ने सिलसिलामा केही कमजोरी भने देखिएका छन्। माथिको विश्लेषण तिनै तथ्यमा आधारित छ। उद्धरणको सन्दर्भमा देखिएका कसिङ्गरलाई सहीरूपबाट हटाउन सकिएमा पत्रकारिताकै विकासमा टेवा पुग्ने र नेपाली पत्रकारिता अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बन्नेछ।

## सन्दर्भ सामग्री

आचार्य, सरोज । २०६६ । कर्मचारी अझै प्रभुको चाकडीमा । *गोरखापत्र,* ७ असार, पृ. १ ।
कान्तिपुर । २०६६ । भारतीय संसद्मा नेपालको चर्चा । २७ असार, पृ. १-३ ।
गोरखापत्र । २०६६क । माओवादी शिविरमा अभियुक्त । २१ असार, पृ. १ ।
गोरखापत्र । २०६६ख । संविधान समयमै निर्माण हुन्छ : कोइराला । १९ असार, पृ. १ ।
घले, खिम र दुर्गा खनाल । २०६६ । माओवादीद्वारा विपक्षीविहीन राज्य प्रस्ताव । *कान्तिपुर,* १९ असार, पृ. १ ।
परियार, गोविन्द । २०६६ । पद 'सल्लाहकार' काम 'सहयोगी' : पार्टी सदस्यता नै प्रधानमन्त्रीका सल्लाहकारको योग्यता । *नागरिक,* २१ असार, पृ. २ ।
भट्टराई, देवेन्द्र । २०६६ । राजदूत बन्न लर्को । *कान्तिपुर,* २० असार, पृ. १ ।
भण्डारी, किरण । २०६६ । वन मन्त्रालयमा दौरा सुरवाल–टोपी । *नागरिक,* १७ असार, पृ. १ ।
राई, ओमआस्था । २०६६ । दरबार स्कूल वर्षेनी ओरालो । *नागरिक,* १९ असार, पृ. १ ।
राजधानी । २०६६ । विदेशी हस्तक्षेप छैन : कोइराला । १९ असार, पृ. १ ।
लुइँटेल, श्याम । २०६६ । सांसदहरूले भर्पाइ बुझाएनन् । *राजधानी,* १७ असार, पृ. १ ।
शर्मा, निर्मला । २०६० । सञ्चारमा विदेशी लगानी विवाद : जसरी उठ्यो त्यसरी सेलायो । *खबर* ६(१) : ६-८ ।
सापकोटा, रेवती । २०६६ । माओवादीमा विद्रोहको कार्यनीतिमा मतभेद । *अन्नपूर्ण पोष्ट,* ७ असार, पृ. १ ।

Becker, Samuel L. 1987. *Discovering Mass Communication*. Chicago: Scott, Foresman and Company.
Day, Louis A. 1997. *Ethics in Media Communications*: *Cases and Controversies*. Belmont: Wadsworth Publishing Company.
Fleming, Carole, Emma Hemmingway, Gillian Moore and Dave Welford. 2006. *An Introduction to Journalism*. New Delhi: Vistaar Publications.
Fox, Walter. 2003. *Writing the News: A Guide for Print Journalists*. Delhi: Surjeet Publications.
Giles, Robert, ed. 1999. *Media Studies Journal*. Volume 13, Number 2.
Harcup, Tony. 2005. *Journalism: Principles and Practices*. New Delhi: Vistaar Publications.
Hohenberg, John. 1959. *The Professional Journalist*. New York: Henry Holt and Company.
Keir, Gerry, Maxwell McCombs & Donald L. Shaw. 1991. *Advanced Reporting: Beyond News Events*. Illinois: Waveland Press, Inc.

Kharel, P. 2006. *A Study of Journalism*. Kathmandu: Nepal Association of Media Educators (NAME).

Kharel, P. 2007. *Dimensions of Communication*. Kathmandu: Nepal Association of Media Educators (NAME).

Lipari, Lisbeth. 1996. Journalistic Authority: Textual Strategies of Legitimation. *Journalism & Mass Communication Quarterly* 73(4): 821-834.

Mencher, Melvin. 1997. *Basic Newswriting*. New Delhi: Universal Book Stall.

Miller, Carl G. 2006. *Modern Journalism*. Delhi: Surjeet Publications.

Neal, James M. and Suzanne S. Brown. 2004. *Newswriting and Reporting*. Delhi: Surjeet Publications.

Potter, W. James. 1998. *Media Literacy*. Delhi: Sage Publications.

Stimson, William. 1995. Two Schools on Quoting Confuse the Reader. *Jounalism and Mass Communication Educator* 49(4): 69-73.

Sumner, David. E. & Holly G. Miller. 2006. *Feature and Magazine Writing*. Delhi: Surjeet Publications.

The Kathmandu Post. 2009. Maoist for Presidential System. 19 June, p. 4.




**Chautari Book Series 56**

Nepal's democratic revolution of 1990 awakened the suppressed voices of people throughout the Himalayan nation. Nowhere was this seen and heard more loudly than in the field of the dynamic new media that thrived after these momentous political events. Some of the most remarkable examples of these new media are the community television, radio, and newspapers produced in the town of Tansen, where they thrive far from the political hub of the state in the Kathmandu Valley.

*Developing Alternative Media Traditions in Nepal* examines how these innovative media came about and the many obstacles their producers faced when attempting to speak of and to their own community. The book is based on long-term ethnographic research in Nepal in the mid-1990s and subsequent accounts of the continuing development of Tansen's community media organizations. Michael Wilmore offers a unique perspective on how people in developing nations use mass media. This book is one of the first full-length, detailed accounts in English of new media developments in Nepal and is suitable for advanced students and researchers of anthropology and media studies.